कृषि तथा वन विज्ञान विश्वविद्यालय

# पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय
# डीनको कार्यालय

रामपुर, चितवन, नेपाल

प.सं.
च.नं.

फोन नं. : ०५६-५९२१३१
मितिः २०७९/०९/२०

## B. V. Sc. & A. H. र B. Sc. Fisheries मा विद्यार्थी भर्ना सम्वन्धी सूचना

शैक्षिक वर्ष २०७९/०८० को लागि यस कृषि तथा वन विज्ञान विश्वविद्यालय, पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय, रामपुर, चितवनमा संचालन हुने **B. V. Sc. & A. H.** र **B. Sc. Fisheries** कार्यक्रमहरुमा अध्ययन गर्न चाहने आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका विद्यार्थीहरुको लागि आवेदन तथा भर्ना सम्बन्धी कार्यक्रम देहाय बमोजिम भएको व्यहोरा जानकारी गराइन्छ ।

**१. आवश्यक न्यूनतम शैक्षिक योग्यताः** मान्यता प्राप्त शिक्षण संस्थाबाट SEE/SLC वा सो सरहको परीक्षामा कम्तीमा द्धितीय श्रेणी वा C+ Grade मा उत्तीर्ण भई I.Sc., १०+२ विज्ञान, A-Level, कृषि/पशु विज्ञान विषयमा प्राविधिक तह वा सो सरहको तहमा कम्तीमा १०० पूर्णाङ्कको अंग्रेजी, केमेष्ट्री, बायोलोजी एवं कम्तीमा ५० पूर्णाङ्कको गणित र फिजिक्स विषयहरु अध्ययन गरी कुल प्राप्ताङ्कको कम्तीमा ५०% अङ्क वा माथि उल्लेखित प्रत्येक विषयमा C Grade का साथै कूल प्राप्ताङ्ग C+ Grade (2.4 CGPA) प्राप्त गरी उत्तीर्ण भएको हुनुपर्नेछ । Theory र Practical दुवै भएको विषयहरुको हकमा एकमुष्ट कम्तीमा C Grade हुनुपर्नेछ । योग्यता नपुगी आवेदन फारम भरेमा सो आवेदन फारम अयोग्य ठहरिनेछ र आवेदकलाई प्रवेश परीक्षामा समावेश गराईने छैन ।

**२. आवेदन दिने मिति र समयः** २०७९ माघ २२ गते राती १२ः०० बजे सम्म entrance.afu.edu.np मा login गरी Online बाट आवेदन फारम भर्न सकिनेछ । Online आवेदन प्रकृयामा कुनै कठिनाई भएमा info@afu.edu.np मा सम्पर्क गरि प्राविधिक सहयोग लिन सकिनेछ । रीतपूर्वक नभरिएको online आवेदन उपर कुनै कारर्वाही गरिने छैन ।

**३. आवेदन फारम तथा प्रवेश परीक्षा शुल्कः** यस संकाय अन्तर्गत संचालन हुने दुईवटा कार्यक्रमहरु B. V. Sc. & A. H. र B. Sc. Fisheries मध्ये कुनै एउटा कार्यक्रममा आवेदन दिनको लागि रु.४,०००। (अक्षेरुपी चार हजार मात्र) र दुवै कार्यक्रममा आवेदन दिनको लागि जम्मा रु.५,०००। (अक्षरुपी पाँच हजार मात्र) तोकिएको छ । सो रकम आवेदन फारम भर्ने स्थानमा रहेको **Online Payment Link** बाट **e-sewa, Connect IPS** र **Khalti App** बाट जम्मा गर्न सकिनेछ । साथै **सिद्धार्थ बैंकको Mobile Banking App को Payment Menu** बाट **AFU Entrance** मार्फत पनि जम्मा गर्न सकिनेछ । रकम दाखिला गर्दा आवेदक स्वंयम्‌को पुरा नाम र मोबाईल नम्बर अनिवार्य लेखिएको हुनु पर्नेछ । एकै मोबाईल नम्बरबाट एक भन्दा बढि आवेदकको नाममा रकम जम्मा भएमा मान्य हुने छैन । अनलाइन माध्यबाट रकम जम्मा गर्दा पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय बाहेक अरु संकाय छनोट गरि रकम दाखिला गरे आवेदन दिन नमिल्ने साथै सो रकम फिर्ता पनि नहुने हुँदा संकाय निश्चित गरेर मात्र जम्मा गर्नु पर्नेछ ।

**४. प्रवेश पत्रः** प्रवेश पत्र आवेदक स्वयंले Online Portal को check your status को Download Options बाट परीक्षा मितिको एकदिन अगाडी Download गरि Print गर्नु पर्ने छ ।

**५. प्रवेश परीक्षा मिति, समय र स्थानः** प्रवेश परिक्षा २०७९ माघ २८ गते बिहान ११ बजे **रामपुर, चितवन** र **काठमाडौं**मा संचालन गरिनेछ । प्रवेश परीक्षा केन्द्रको जानकारी www.afu.edu.np मा पछि प्रकाशन गरिनेछ र प्रवेश पत्रमा समेत उल्लेख गरिने छ ।

कृषि तथा वन विज्ञान विश्वविद्यालय

# पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय
# डीनको कार्यालय

रामपुर, चितवन, नेपाल

प.सं. फोन नं. : ०५६-५९२१३१
च.नं. मिति: २०७९/०९/२०

६. राष्ट्रिय परीक्षा बोर्ड (HSEB) प्रमाणपत्र तहको पाठयक्रमबाट निम्न विषयहरु प्रवेश परीक्षाको प्रश्नपत्रमा समावेश गरिनेछ र सबै प्रश्नहरु बहुबैकल्पिक वस्तुगत किसिम (Multiple Choice Objective) को हुनेछ ।

| | | | |
|---|---|---|---|
| क) अंग्रेजी - २० | ख) केमेष्ट्री - २० | ग) फिजिक्स - १० | घ) बोटानी - २० |
| ङ) जुलोजी - २० | च) गणित - १० | छ) बिषयगत - १४ | ज) सामान्य ज्ञान - ६ |

प्रवेश परीक्षामा १२० वटा प्रश्नहरु हुनेछन् जसका लागि १ **घण्टा** ३० मिनेटको समय दिइनेछ ।

**७. परीक्षाफल प्रकाशन:** प्रवेश परीक्षा संचालन गरिएको मिति २०७९ माघ २८ गते बेलुका नै परीक्षाफल प्रकाशन गरिनेछ र उक्त जानकारी www.afu.edu.np मा गई प्राप्त गर्न सकिनेछ ।

**८. भर्नाको आधार:** प्रवेश परीक्षाको प्राप्ताङ्कलाई १००% अङ्क भार दिइनेछ । सोको आधारमा योग्यताक्रम (Merit List) को सूचि तयार गरी योग्यताक्रम (Merit) अनुसार नै विद्यार्थी भर्नाको लागि नामावली प्रकाशन गरिनेछ । प्रवेश परीक्षाको उर्त्तीणाङ्क ५०% हुनेछ । अङ्क बराबर भएमा 10+2 वा सो सरहको कूल प्राप्ताङ्क (CGPA), सो पनि बराबर भएमा SEE/SLC को कूल प्राप्ताङ्क र सो पनि बराबर भएमा 10+2 वा सो सरहको तहको क्रमशः बायोलोजि, केमेष्ट्री, फिजिक्स, गणितको प्राप्त अङ्कलाई आधार मानि योग्यताक्रम (Merit List) को सूचि तयार गरिनेछ ।

**९. भर्नाका लागि पेश गर्ने आवश्यक कागजात तथा प्रमाणपत्रहरु:** भर्ना हुनका लागि आवेदन साथ संलग्न सम्पूर्ण कागजात तथा प्रमाणपत्रहरु सक्कलै पेश गर्नुपर्नेछ । भर्नाको समयमा पेश गर्नुपर्ने कागजात तथा प्रमाणपत्रहरु:

क) फारम भर्दा पेश गरेको पासपोर्ट साइजको फोटो ३ (तिन) प्रति
ख) नेपाली नागरिकताको सक्कल प्रमाणपत्र
ग) SEE/SLC को सक्कल लब्धाङ्क पत्र (Transcript) र चारित्रिक प्रमाणपत्र
घ) 10+2 वा सो सरहको तहको सक्कल लब्धाङ्क पत्र (Transcript) र चारित्रिक प्रमाणपत्र
ङ) 10+2 वा सो सरहको तहको सक्कल स्थायी प्रमाणपत्र / Provisional Certificate
च) 10+2 वा सो सरहको तहको सक्कल Migration Certificate
छ) समानस्तर निर्धारण (Equivalent) को प्रमाणपत्र- SEE/SLC तथा प्रमाणपत्र तह नेपाल बाहिरको विद्यालय/महाविद्यालय वा मान्यता प्राप्त संस्थाबाट उत्तिर्ण गरेकाहरुलाई मात्र
ज) सम्बन्धित कोटामा भर्ना हुन पेश गरेको सम्वन्धित निकायको सक्कल सिफारिस पत्र
झ) प्रवेश परीक्षाको सक्कल प्रवेश पत्र

**पुनश्च:** भर्ना हुन आउंदा उपरोक्त सम्पूर्ण सक्कल कागजात सहित तोकिएको मिति र समयभित्र तोकिएको भर्ना दस्तुर डीन कार्यालयको लेखा शाखामा दाखिला गरी आवेदक वा अभिभावक स्वंय उपस्थित भई यस संकायको शैक्षिक प्रशासनमा सम्पर्क राख्नु पर्नेछ । भर्नाको बेला आवेदनको समयमा पेश गरेको कागजात र साथ ल्याइएको सक्कल प्रमाणपत्रहरु रुजु गरिनेछ । कुनै कागजात अपुग वा बिवरण झुठा ठहरिए वा कुनै कागजात फर्जी ठहर भए त्यस्ता आवेदकलाई भर्ना प्रक्रियामा समावेश गरिने छैन ।

कृषि तथा वन विज्ञान विश्वविद्यालय

# पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय

## डीनको कार्यालय

रामपुर, चितवन, नेपाल

प.सं.
च.नं.

फोन नं. : ०५६-५९२१३१
मिति: २०७९/०९/२०

१०. भर्ना प्रक्रिया र मिति पछि प्रकाशन गरिने छ ।

११. प्रवेश परीक्षा उत्तिर्ण भई विश्वविद्यालय विकास शुल्क (University Development Fund, UDF) अन्तर्गत भर्ना हुन चाहने विद्यार्थीहरुले तोकिएको अवधि र ढांचामा नियमानुसार आवेदन दिनुपर्नेछ । उक्त सूचना पछि प्रकाशन गरिने छ । साथै, त्यस्ता आवेदकहरु मध्ये निर्धारित कोटाको लागि योग्यता क्रमको आधारमा भर्ना लिइनेछ । UDF कोटामा B. V. Sc. & A. H. र B. Sc. Fisheries भर्ना हुनको लागि क्रमश: रु.४,९५,०००।- (अक्षरुपी चार लाख पन्चानव्बे हजार) र रु.२,५५,०००।- (अक्षरुपी दुई लाख पचपन्न हजार) लाग्नेछ र सो रकम दुई किस्तामा बुझाउनु पर्ने छ ।

१२. प्रदेश, छात्रा, दलित, आदिवासी/जनजाती, मधेसी शहिद परिवार/द्वन्द पीडित, अपाङ्ग, स्टाफ, र स्थानिय कोटाका विद्यार्थीहरुका लागि तपशिल बमोजिमका संख्या निर्धारण गरिएको छ । प्रादेशिक कोटामा भर्ना हुनका लागि सोही प्रदेशको नागरिकता र सोही प्रदेशको पूर्ण सरकारी अनुदानमा संचालित सामुदायिक माध्यमिक विद्यालयबाट SEE/SLC परीक्षा उत्तीर्ण गरेको हुनुपर्नेछ । उक्त कोटामा भर्ना हुन इच्छुक भएमा आवेदकले आफूले SEE/SLC उत्तीर्ण गरेको विद्यालय पूर्ण सरकारी अनुदान प्राप्त सामुदायिक विद्यालय भएको व्यहोरा सहितको सम्बन्धित जिल्ला शिक्षा समन्वय समितीको सिफारिश पत्र आवेदन दिदा नै संलग्न गर्नुपर्नेछ र भर्ना हुन आउदा उक्त सिफारिस पत्र सक्कलै पेश गर्नुपर्नेछ । अन्यथा त्यस्ता आवेदन फारम उपर कुनै कार्वाही हुनेछैन् । छात्रा कोटा बाहेक अन्य कोटामा भर्ना हुन इच्छुक बिद्यार्थीहरुले कोटाको लागि तपशिल बमोजिमका सम्बन्धित निकायको प्रमाणपत्र वा सिफारिस पत्र आवेदन दिदानै पेश गर्नुपर्नेछ । अपाङ्ग कोटाको वर्ग र योग्यताको समेत आधारमा भर्नाको लागि छनौट गरिने छ ।

क) **दलित कोटा:** राष्ट्रिय दलित आयोग/स्थानिय निकाय

ख) **आदिवासी/जनजाती कोटा:** आदिवासी जनजाती राष्ट्रिय महासंघ/स्थानिय निकाय

ग) **मधेशी कोटा:** सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय/स्थानिय निकाय

घ) **द्वन्द्व पिडित परिवार कोटा:** आवेदकको नाता खुलेको (श्रीमान्, श्रीमती, छोरा, छोरी) प्रमाणित हुने गरी सिफारिश पत्र सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय/ नेपाल सरकारको सम्वन्धित मन्त्रालय ।

ङ) **शहिद परिवार कोटा:** आवेदकको नाता (श्रीमान् श्रीमती, छोरा, छोरी) प्रमाणित हुने सिफारिश पत्र सम्वन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय/नेपाल सरकारको सम्वन्धित मन्त्रालय ।

च) **अपाङ्ग कोटा:** महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय/स्थानिय निकाय ।

छ) **स्टाफ कोटा:** सम्बन्धित शिक्षक/कर्मचारी र आवेदकको नाता खुलेको (श्रीमान्/श्रीमती, छोरा, छोरी) नाता प्रमाणित हुने गरि सिफारिस पत्र, नागरिकता प्रमाणपत्र र संकायको सिफारिश पत्र । उक्त कोटामा भर्ना हुन आवेदन दिनेहरु मध्ये निर्धारित कोटामा मेरीटको आधारमा भर्ना लिइने छ । आवेदन दिने मिति पछि प्रकाशन गरिने छ । यो सुविधा २ जनालाई मात्र पाउने प्रावधान रहेकोले सो सुविधा यस विश्वविद्यालयको अन्य संकायवाट प्राप्त गरेको पनि गणना गरीनेछ ।

ज) **स्थानिय कोटा:** पशु बिज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय अवस्थित स्थानको स्थानिय निकाय भरतपुर महानगरपालिकाको सिफारिश पत्र ।

कृषि तथा वन विज्ञान विश्वविद्यालय

# पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकाय
# डीनको कार्यालय

रामपुर, चितवन, नेपाल

प.सं.
च.नं.

फोन नं. : ०५६-५९२१३१
मिति: २०७९/०९/२०

१३. B. V. Sc. & A. H. र B. Sc. Fisheries लागि तपशिलमा उल्लेखित अनुसार विद्यार्थी भर्ना लिइनेछ ।

**भर्ना कोटा विवरण :**

| विवरण | B. V. Sc. & A. H. | B. Sc. Fisheries |
|---|---|---|
| मेरिट | २० | ७ |
| प्रादेशिक | ७ | × |
| छात्रा | २ | १ |
| दलित | १ | १ |
| आदिवासी जनजाति | १ | १ |
| मधेसी | १ | १ |
| द्वन्द पीडित /शहिद परिवार | १ | १ |
| अपाङ्ग | १ | १ |
| स्टाफ कोटा | १ | १ |
| स्टाफ (अर्ध शुल्क) | १ | × |
| स्थानिय कोटा UDF | २ | २ |
| UDF | १२ (११+ १*) | ५ |

*UDF कोटाहरु मध्ये १ सिट नेपाल सरकार, पशु सेवा विभागसंग भएको MOU अनुसार आवेदकहरु मध्ये प्रवेश परीक्षाको योग्यताक्रमको आधारमा भर्ना लिईने छ र उक्त कोटा खालि भए नियमित UDF कोटामा नै समावेश गरिनेछ । उपरोक्त कोटाहरुमध्ये कुनै पनि कोटा खाली हुन गएमा UDF कोटामा समावेश गरिनेछ ।

१४. कृषि तथा वन विज्ञान विश्वविद्यालयमा नाम दर्ता (A.F.U. Registration) गर्ने समयमा Migration Certificate को सक्कलै प्रति अनिवार्य रुपले बुझाउनु पर्नेछ । भर्नाको समयमा Migration Certificate नबुझाएमा सम्वन्धित विद्यार्थीलाई भर्ना गर्न संकाय वाध्य हुने छैन ।

१५. विद्यार्थीहरुलाई छात्राबास उपलब्ध गराउन संकाय बाध्य हुने छैन् ।

१६. थप जानकारीहरु यस संकायको सूचना पाटी वा www.afu.edu.np बाट हेर्न सकिनेछ ।

प्रा. डा. होम बहादुर बस्नेत
डीन